# ५. भग्न र सेवक हृदय

## क. भग्न हृदय

क. मुख्य पदहरु

| | |
|---|---|
| १कोरिन्थी १:२७-२९ | याकूब ४:१० |
| गलाती २:२० | २कोरिन्थी १२:९-१० |

ख. परमेश्वरले केही कुराहरुलाई प्रयोग गर्न सक्नुहुन्न

उहाँले चाहनुभएको अनुपातमा यदि परमेश्वरको सामर्थ्यले हामीभित्र काम गर्छ भनेर हामीले थाहा पाउने हो भने हामीमा धेरै परिवर्तन आउनुपर्छ. हामीमा अन्तर्निहित इच्छालाई जगाएर केही हुनको निम्ति शैतानले हामीलाई सदैव उत्प्रेरित गरिरहन्छ. हाम्रो क्रिश्चियन जीवनको परिप्रेक्षमा समेत त्यो आधारभूत चाहना यति बलियो हुन्छ कि यसले हाम्रो परमेश्वरप्रतिको सेवकाईमा पनि कहिले कहीं त प्रेरणा पनि दिन्छ. परमेश्वरको निम्ति हामी केही बन्न चाहन्छौं. तथापि त्यस्तो प्रेरणामा शरीरको इच्छाको मात्रा धेरै हुने भएकोले शैतानले त्यस्तो अन्तर्निहित प्रेरणामा झेल्ला गर्नसक्छ. कतिचोटी आत्माले भरिएका क्रिश्चियनहरु पनि आत्मा र शरीर लसपस भएको पाउछन् र यसरी तिनीहरुको सन्तुलन शरीरपट्टि बढी ढल्केको हुन्छ. त्यसपछि आत्माको काम कि धेरै कम भएको या बिल्कुल रद्द (काम नलाग्ने) भैसकेको हुन्छ.

हाम्रो जीवनको यो दुःखान्त पक्ष हो. परमेश्वरमा कति धेरै सामर्थ्य लुकेको छ तर हामी उहाँलाई कामै गर्न दिदैनौ. हाम्रो क्रिश्चियन जीवनको धेरैजस्तो समय वास्तवमा उही पुरानो जीवन जिउनमा व्यतित हुन्छ, अन्तर त केवल धार्मिक अथवा आत्मिक पहिरनमा मात्र देखिन्छ. परमेश्वरको वास्तविकता र उहाँको महिमा प्रति हामी कति संवेदनशील छौं अनि हाम्रो जीवन स्वइच्छा, घमण्ड-शासित अनुभवले कति दुःषित छ ! विडम्वनाको कुरा त यही छ.

हामी यस्तो भएको परमेश्वर इच्छा गर्नुहुन्न. परमेश्वरले केही कुरालाई वास्तवमा प्रयोग गर्न सक्नुहुन्न र मूल समस्या पनि यही नै हो.

धर्मशास्त्रमा सामान्य र नगण्य उल्लेख गरिएका व्यक्तिहरुको जीवनबाट परमेश्वरले उहाँको महिमा र सामर्थ्य प्रकट गर्नुभयो. बास्तबमा हाम्रो इच्छा चाहनाहरु सत प्रतिशत हामीले त्याग्नु पर्छ (१कोरिन्थी १:२८ - स्वेच्छा तथा चाहनाहरु मर्नुपर्छ). हाम्रो आत्माको मृत्यु हुनु आवश्यक छैन तर यदि हामी परमेश्वरको सामर्थ्य थाहा पाउन चाहन्छौं भने हामीले हाम्रो जीवनमा महत्वपूर्ण ठानेका कुराहरुलाई त्याग्नुपर्ने तथ्यको हामीमा गहन चेतना हुनु जरुरी छ. हाम्रो अरु कुनै सहारा छैन, हामी तन्नम भएका छौं भन्ने ज्ञानको बिन्दुमा पुग्नुपर्दछ. त्यसपछि मात्र हामीभित्र र हामीबाट परमेश्वरले गर्नुहुने नयाँ कुराहरुलाई हामी स्वीकार गर्न समर्थ हुनेछौं. त्यो बिन्दुमा नआइपुगुन्जेल हाम्रो पुरानो जीवनका अधिकांश कुराहरुले हामीलाई परमेश्वरमा पुग्नबाट वञ्चित गर्दछन्.

परमेश्वरले हाम्रा कमजोरीलाई मात्र नष्ट गर्ने जरुरत हैन तर हामीले हाम्रो जीवनमा मजबुत ठानेका व्यक्तित्व तथा अनुभवहरु पनि त्यसभित्र पर्छ. प्रायश: त्यस्तै मजबुत ठानिएका पक्षहरुका निम्ति परमेश्वरमा हामी भर नपर्नु पर्ने विचार गर्छौं र त्यसमा हामी बलियो आत्मविश्वास प्रकट गर्ने गर्छौं.

परमेश्वरको तरीका गहिरो र रहस्यात्मक हुन्छ र हाम्रो जीवनमा शरीरबाट उत्पन्न प्रत्येक इच्छा आकांक्षालाई नष्ट पार्दै तिनीहरुले आफ्ना काम शुरु गर्छन्. हाम्रो शरीर नै हाम्रो सबैभन्दा ठूलो शत्रु र परमेश्वरको निम्ति ठूलो समस्या भएको कुरा नयाँ नियमले भनेको ठीकै पनि हो. यसको निरन्तर सामना गर्दै यसमाथि विजय प्राप्त गर्नुपर्छ. यद्यपि हामीले यसलाई मृत घोषणा गरेका छौं तथापि यो अहिलेसम्म पनि जीवितै छ. यदि हामी परमेश्वरको सामर्थ्य हाम्रो जीवनमा थाहा पाउन चाहन्छौं भने हाम्रो शारीरिक तनमा केही आमूल परिवर्तन हुन अत्यावश्यक छ.

. आत्माको सरलता

सबैकुराको मध्यमा एकोहोरोपन र हृदयदेखिको भरोसामा आधारित परमेश्वरबाट उत्पन्न अबोधता (सरलता, निष्कपटता) हुनुपर्छ. परमेश्वर जति सरल हुनुहुन्छ त्यो भन्दा हामी उहाँलाई धेरै जटिल बनाइदिन्छौं. उहाँमा कालो कालो र सेतो सेतो नै हुन्छ. सही कुरा सही र गलत गलत नै हुन्छ. उहाँ आफ्नो स्वभावमा रहेर बिल्कुल इमान्दारी र सम्पूर्णतामा

काम गर्नुहुन्छ त्यसले गर्दा बाङ्गा-टिङ्गा समस्यामा उहाँ पटक्कै अल्झिनुहुन्न. हामी चाहिं त्यस्ता अपठेराहरुमा पर्छौं किनभने स्वभावमा हामी परमेश्वरको बिल्कुल विपरीत छौं. आत्माको निष्कपटतामा जिउनुको सट्टा परिस्थिति र अन्य कुराहरुद्वारा हामी आफूलाई संचालित हुनदिन्छौं. त्यसरी हामी हाम्रो अन्तरंग शान्ति र स्पष्टतालाई नष्ट गर्छौं तथा तिनीहरुलाई शारीरिक तथा ध्वंशात्मक पाराले अरुहरुमा सारिदिन्छौं. कतिचोटी हाम्रा उत्तम इच्छा र विचारहरुलाई शैतानले लिन्छ र ती कुराहरुलाई बंग्याएर आफ्नो फाइदा उसले त्यसबाट उठाउँछ. येशूमा प्रेम अथवा साँचो फिक्रीका रुपमा शुरु भएको कुरा अन्तमा भावनात्मक ताना-बाना र मनको चोटले हाम्रो जीवन र सेवकाई नष्ट गर्नपुग्छ किनभने हामीले परमेश्वरलाई आफ्नो जीवनमा कुनै स्थान दिएनौं.

परमेश्वरले हामीबाट र हामीभित्र केही गर्नुभन्दा अगाडि हामी केही नभएको वा हामी तन्नम हौं भनेर हामीले थाहा पाएको परमेश्वर चाहनुहुन्छ भन्ने ज्ञान एकदमै नकारात्मक जस्तो लाग्नसक्छ. वास्तवमा यसले आत्मामा हामीलाई निराश पार्दै भयानक अपराधबोधको मनस्थितितिर डोऱ्याउनसक्छ. हाम्रो हृदयमा शैतान त्यही कुरा हुन भएको चाहन्छ तथापि परमेश्वर पिता भने त्यसो भएको रुचाउनुहुन्न. हाम्रो स्वर्गीय पिता त हामी फलदायी भएको चाहनुहुन्छ. हामीले आफ्नो जीवनमा फल फलाउनको निम्ति सबैभन्दा पहिला आफूमा केही सार नभएको, हामी केही पनि होइनौं भनेर जान्नु जरुरी हुन्छ. हाम्रो अनुभवको यो वास्तविकता हुनुपर्दछ. हृदयमा यो कुराको छाप पर्नुपर्दछ र यसलाई मनले स्वीकार गर्नुपर्दछ. वास्तवमा येशूले यस्तै किसिमले आफ्नो जीवन जिउदै परमेश्वरको सामर्थ्य प्रकट गर्नुभएको तथ्यलाई हामीले हृदयंगम गर्नुपर्दछ. उहाँले आफूलाई रित्याउनुभयो (फिलिप्पी २:५-११).

## घ. नापबिनाको आत्मा

अस्तित्वहीन जस्तो जीवन जिउनु येशूको दिनचर्या थियो. क्रूसमा जानुभन्दा निकै अगाडि नै भग्नपन (आफू केही पनि होइन, परमेश्वर नै सबैथोक हुनुहुन्छ भन्ने भावना) उहाँको जीवनशैली थियो. सांच्चै भन्ने हो भने उहाँ वास्तवमा केही हुनुहुन्थ्यो तर आफूलाई महत्व नै नभएको व्यक्ति जस्तो बनाउनुभयो. मानिसहरुमा उत्तम मानिस जसले परमेश्वरको सामर्थ्यलाई तात्कालिक र बैयक्तिक रुपमा जान्नुहुन्थ्यो त्यस्तो येशूले

पृथ्वीको आफ्नो सेवकाईमा मृत्युबाट मुर्दालाई ब्युंताउनुभयो, जब उहाँले छुनुभयो मानिसहरुले चंगाई पाए, उहाँले बोल्दा भूतात्माहरु काम्दै भागे. येशूको अनुभवहरुमा हामी परमेश्वरको सामर्थ्यको रहस्य देख्नसक्छौं (यूहन्ना ३:३४). परमेश्वरको आत्मा हामीलाई नाप अनुसार दिइन्छ. हामीलाई आत्मा दिन पिता इच्छुक हुनुहुन्छ तर हामीमा पवित्र आत्माको कति अंश हुने हो सो हाम्रो आत्माको सीमितता वा फराकिलोपनबाट नै निर्धारण हुन्छ. आफ्नै स्वार्थ तथा फोहर-मैलाले हाम्रो हृदय भरिएकोले गर्दा त्यहाँ पवित्र आत्माको निम्ति ठाउँ नै देखिदैन. घमण्ड, (मनको) घाउ, स्वार्थ, अनि विद्रोहहरुबाट हाम्रो हृदय भरिएकोले हामीभित्र पवित्र आत्मालाई काम गर्न तिनीहरुले बन्देज गर्दछन्. येशूको हृदयमा अन्धकारमय ठाउँमा काम गर्ने कुनै व्यक्तित्वले वास गरेको थिएन. परमेश्वर पिताले पवित्र आत्माको भरपूरी (नापरहितको) दिनसक्ने ठाउँ त्यहाँ थियो. हाम्रो जीवन चाहिं प्रायशः भावनात्मक, बौद्धिक र आत्मिक अस्तव्यस्तताले भरिएको हुन्छ.

## ङ. मलहम घसाई

हामी चूर्ण हुनुपर्छ त्यसपछि मात्र परमेश्वरले हाम्रो जीवनमा चंगाई ल्याउन सक्नुहुन्छ. मरियमले येशूलाई अभिषेक गर्दा मलहम पोखिनु अगाडि भुंडुल्को फुटाउनु परेको थियो (यूहन्ना १२:१-८). त्यसैगरी हामीबाट पवित्र आत्माको मलहम निस्कनु अगाडि हामीपनि टुट्नु जरुरी छ. शुन्यताबोधमा नआएसम्म हामीलाई परमेश्वरले केही बनाउनुहुन्न.

## च. शैतानको समाउने ठाउँ छैन

शैतानले येशूलाई कहिल्यै हराउन नसक्नुको कारण येशूमा केही पनि थिएन (अर्थात येशूको जीवनमा त्यस्ता नकारात्मक कुराहरु केही थिएन जसलाई उपयोग गरेर उसले उहाँलाई जालमा फंसाउन सकोस). हाम्रो जीवनमा भएका पूराना त्यस्ता केही कुराहरु समातेर शैतान हामीभित्र प्रवेश गर्न चाहन्छ.

## छ. परमेश्वरको चिन्ह

उत्पत्ति ३२:२२-३२ - संसारिक तबरमा याकूबसँग जे थियो र ऊ जस्तो थियो, यो संघर्षमा ती सब स्वाहा भयो अर्थात उसको नाम र बल. तर

परमेश्वरको दृष्टिमा यो घटनाले गर्दा उसलाई झन राम्रो हुनगयो. परमेश्वरसित उसको प्रत्यक्ष भेटघाट भयो र यो विवरण बताउन ऊ जीवित रह्यो. उसले परमेश्वरको चिन्ह आफ्नो शरीरमा पाएकोले ऊ अब भिन्दै भएको थियो. यो नयाँ याकूब (इस्राएल) मा लङ्गडोपन थियो र यही लङ्गडोपन उसको बल साबित भयो. हामीले पनि परमेश्वरलाई भेटनपर्छ र उहाँको सामर्थ्यको स्पर्श पाएर परमेश्वरको पवित्रताको बोझ अनुभव गर्नुपर्छ. परमेश्वरले हाम्रो जीवनका सबै कुराहरु थाहा पाउनु र पनि उहाँको प्रेमले हामीलाई जोगाउनु नै साँचो दीनता हो. त्यस प्रकारको दीनता (भग्नता) कमजोरी नभएर बल हो. यो आत्माको सामर्थ्यको स्रोत हो. त्यस प्रकारको जम्काभेट पश्चात सबै कुरा एकै नासको रहिरहँदैन. वास्तवमा यस प्रकारको जम्काभेट सारा संसारको सबैभन्दा ठूलो शक्तिको स्रोत हो. परमेश्वरको स्पर्श पाएको मानिसभन्दा ठूलो अर्को कुनै कुरा हुँदैन. अब उसले कुनै प्रमाण देखाउनु आवश्यक छैन र कुनै कुराबाट पनि उसले डर मान्नु पर्नेछैन. पुरानो लडाईं सिद्धिएको छ. पहिलेदेखि बलिरहेको आगो निभाइएको छ, अनि पुरानो शत्रुता मित्रतामा परिवर्तन भएको छ. मनभित्र परमेश्वरले मात्र भर्नसक्ने रिक्तता उत्पन्न भएको छ. .ᐟहीन वा शुन्य किसिमको रिक्तता हैन यो परमेश्वरबाट उत्पन्न रिकृता हो. यदि हामीले आफ्नो जीवन सम्पूर्ण तवरले उहाँमा सुम्प्यौं भने वाह्य रुपमा कमजोरी देखिएपनि त्यसलाई परमेश्वरले मात्र शक्तिशाली बनाउन सक्नुहुन्छ र उहाँले त्यसो गर्नुहुन्छ. *"म ख्रीष्टसँग क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइन, तर ख्रीष्ट ममा जिउनुहुन्छ. जुन जीवन शरीरमा म अहिले जिउंछु, जसले मलाई प्रेम गर्नुभयो,र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो."* (गलाती २:२०). परमेश्वरको निम्ति प्रभावकारी हुने हो भने प्रत्येक चेलाले यस्तै किसिमले जिउनुपर्छ.

## ख. सेवक हृदय

### क. मुख्य पदहरु

मर्कूस ९:३३-३५
मर्कूस १०:३५-४५
यूहन्ना १२:२४-२६
यूहन्ना १३:१-१७
फिलिप्पी २:५-११

ख. सेवक भनेको के हो ?

सेवक भनेको त्यो व्यक्ति हो जो ऊ आफूखुशी केही गर्नसक्दैन तर सधैं उसको मालिकको आज्ञा पालनगर्छ. जुन कुरामा मन टांस्सिएको छ त्यस कुरामा ऊ सधैं व्यस्त रहन्छ र आफ्ना सबै रुपियां पैसा त्यसैमा खर्च गर्छ. तपाईं जेसुकै र जोसुकैको सेवा गर्नोस तिनीहरुको निम्ति तपाई एउटा सेवक हुनुहुन्छ. परमेश्वरको सेवक त्यो व्यक्ति हो जसले आफैंलाई केही ठानेको छैन र उसको जीवनको अनुभव तथा सबै थोकमा येशूलाई विराजमान गराएको छ अनि उहाँलाई आफ्नो जीवनका सबै कुरामा प्रभु मानेको छ. यसको मतलव उसले येशूलाई सबै कुरामा प्रथम स्थानमा राखेको छ. त्यसकारण येशूको चेला भएकोले हामीबाट परमेश्वरको मात्र सेवा गर्ने आशा गरिएको छ (१कोरिन्थी ४:१). यसको अर्थ हाम्रो जीवनमा परमेश्वरको राज्यलाई हामीले प्रथम स्थान दिनेछौं (मत्ती ६:३३) र हामी धन सम्पत्तिहरु, शक्ति र अन्य कुनै कुराको सेवा गर्नेछैनौ (मत्ती ६:२४).

ग. परमेश्वरको सेवकको चिन्ह

- सबैभन्दा पहिला उसले परमेश्वरको राज्यको खोजी गर्छ (मत्ती ६:३३).
- ऊ सबैको सेवक हो (मत्ती २०:२६-२८).
- इनाम पाउन ऊ आफ्नो मालिकतिर दृष्टि दिन्छ (मत्ती २५:२१).
- उसले अरुको सेवा गरेर वास्तवमा प्रभु येशूको सेवा गर्छ (मत्ती २५:३१-४०).
- आफूलाई इन्कार गर्न, दैनिक रुपमा आफ्नो क्रूस उठाएर आफ्नो मालिक येशूको पछि लाग्न ऊ तयार छ (लूका ९:२३).
- येशूको उदाहरणलाई ऊ पछ्याउंछ र आफू निश्वार्थी छ. ऊ आफ्नो सेवा गराउनुभन्दा अरुको सेवा गर्छ (लूका २२:२७).
- पाउनुभन्दा दिनु बढी आशिषमय छ भन्ने कुरा ऊ जान्दछ (प्रेरित २०:३५).
- आफूलाई जिम्मा लगाएको कुराप्रति ऊ विश्वासयोग्य तथा इमान्दार छ (१कोरिन्थी ४:२).
- उसलाई अरुहरुको चिन्ता फिक्री हुन्छ (गलाती ६:२).
- ऊ विनम्र, भद्र, धिरजी छ र प्रेममा अरुलाई सहन्छ (एफिसी ४:२).
- ऊ आफ्नो तथा अरुको पनि वास्ता राख्छ (फिलिप्पी २:४).

- आफूले गर्ने गरेका प्रत्येक कार्यहरुमा ऊ सधैं प्रभुलाई खुशी पार्न चाहन्छ (२तिमोथी २:४).

## घ. परमेश्वरको सेवक नम्र हुनुपर्छ

परमेश्वर घमण्ड र ढीठपनलाई घृणा गर्नुहुन्छ (हितोपदेश ८:१३) र घमण्डीहरुको उहाँ विरोध समेत गर्नुहुन्छ (१ पत्रस ५:५). हामी उहाँको पाइलामा चलेको चाहनुहुन्छ (मीका ६:८). *"यसकारण परमेश्वरको शक्तिशाली वाहुलीमुनि तिमीहरु आफैंलाई विनम्र तुल्याओ र उहाँले उचित समयमा तिमीहरुलाई उच्च पार्नुहुनेछ"* (१ पत्रस ५:६). हामीले आफैंलाई विनम्र तुल्याउनुपर्छ. यसो गर्न कठीन लागेमा परमेश्वरसित हामीले अनुग्रहको निम्ति विन्ती गर्नुपर्छ. यो भूईंमा लम्पसार पर्नु होइन. यसको अर्थ हामी आफैंमा केही होइनौ तसर्थ हाम्रो हृदयको सिंहासनमा परमेश्वरले राज्य गर्नुपर्छ भनेर मानिलिनु हो. उहाँले हामीलाई सामर्थी बनाउनुहुन्छ र उचित समयमा उच्च पार्नुहुन्छ. हामीले परमेश्वरमा भरोसा गर्नुपर्छ. यसो गर्नु साँचो सेवक र सेवकको स्वभावमा हुनु हो (फिलिप्पी २:५-११).

येशूले भन्नुभयो, *"मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरुले आफ्ना आत्मामा विश्राम पाउनेछौ. किनकि मेरो जुवा सजिलो छ"* (मत्ती ११:२९-३०). येशूको उदाहरणलाई पछ्याएर हामी उहाँबाट विनम्र हुन सक्छौं.

## ङ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. के तपाईं "केही" हुनुहुन्छ या केही नभएको रिक्त अनुभव गर्नुहुन्छ ?

२. के तपाईं आफ्नो सम्पूर्ण जीवनसमेत उहाँमा भरोसा गर्न सक्नुहुन्छ ? वा अलिकति मात्रै ?

३. हामी एकमनले परमेश्वरलाई पछ्यायौं भने के हामी सिक्नै नसक्ने गरी बिग्रन्छौं ?

४. ख्रीष्टको पछि लाग्न हामीले आफैंलाई इन्कार गर्‍यौं भने के हामी यति असन्तोषी, दिक्क र नष्ट हुन्छौं कि यसले गर्दा जीवन बाँच्न योग्य नरहला त ? (यूहन्ना १०:१०).

५. परमेश्वरले इच्छा गर्नुभए अनुसारको नाप बमोजिमको पवित्र आत्माले तपाईंको जीवन भर्नमा के कुराले बाधा दिन्छ ?

६. येशूको साँचो सेवकले गर्नपर्ने जस्तै के तपाईंको जीवनका सबै कुराहरुमा येशूलाई सर्वोच्च स्थान दिनुहुन्छ ?
७. के तपाईं सांच्चै नै ख्रीष्टसँगै क्रूसमा टांगिनुभएको छ र अब तपाईं आफू हैन तर तपाईंमा ख्रीष्ट जिउनुहुन्छ भनेर भन्न सक्नुहुन्छ ?
८. तपाईंको जीवनमा पहिलो स्थान केलाई दिनुभएको छ र को र कस्को सेवा तपाई गर्नुहुन्छ?
९. लूका १४:११ कसरी सत्य हुनसक्छ ?
१०. यहोशू २४:१४-१५ पढ्नुहोस्. यी दिनहरुमा तपाई कसको सेवा गरिरहनु भएको छ ?

## च. सारांश र प्रयोग

१. परमेश्वरले चूर्ण हृदय भएका मानिसहरु र रिक्त कुराहरुलाई मात्र उपयोग गर्न सक्नुहुन्छ.
२. हामी आफू सम्पूर्ण रीतले मर्नुपर्छ (हाम्रो आमूल परिवर्तन हुनुपर्छ).
३. येशू ख्रीष्टलाई जब हामी आफ्नो प्रभु र मुक्तिदाता स्वीकार गर्छौं, पवित्र आत्माद्वारा हाम्रो आत्मा जीवित तुल्याइएको हुन्छ. अनि हामी पवित्र आत्मामा बप्तिश्मा हुंदा पहिलो पल्ट हामी आत्माले भरिएका हुन्छौं. त्यसो भए हामी प्रभावकारी तबरले परमेश्वरको सेवा गर्न पवित्र आत्माद्वारा निरन्तर रुपमा भरिंदै जानुपर्छ. जब हामी आफैंलाई नकार्छौं (इन्कार गर्छौं) हामी आफूचाहिं कम हुंदै जान्छौं र परमेश्वरको मात्रा हामीमा बढनथाल्छ. हाम्रो आत्माको फैलावट बढी भएर आत्मा त्यही अनुपातमा भरिनुहुन्छ. यसले हामीलाई बढी सामर्थी र परमेश्वरको निम्ति बढी प्रभावकारी बनाउंछ. येशूमा आत्मा असीमित रुपमा हुनुहुन्थ्यो (यूहन्ना ३:३४). येशू आफू पूर्ण रिक्त (खाली) हुनुभएकोले उहाँको आत्माले पनि पवित्र आत्मा असीमित तबरले पाउनु भएको थियो. परमेश्वरको सामू हामी पनि चूर्ण हुनु जरुरी छ. त्यसो भएमा हामीमा हुनुभएको पवित्र आत्मा बाहिर निस्केर अरु मानिसहरुको जीवनमा उहाँले प्रभाव पार्नसक्ने सम्भाव्यता बढनसक्छ र यस्तै कुरा येशूको जीवनमा समेत भएको थियो. त्यसपछि मात्र हामी येशूका चेलाका रुपमा परमेश्वरको निम्ति साँचो प्रकारले प्रभावकारी र फलदायी हुनसक्छौं.

४. एउटा येशूको चेलामा परमेश्वरको निम्ति ठूलो सामर्थ्य लुकेको हुन्छ.. हामीले आफ्नो जीवनमा उहाँलाई आफ्नो इच्छा पूरा गर्ने मौका दियौं भनेमात्र उक्त सामर्थ्य प्रकट हुने सम्भावना हुन्छ.
५. हामीले हाम्रो जीवनमा मजबुत ठानेका कुराहरु परमेश्वरको दृष्टिमा प्रायश: कमजोर मानिएको हुन्छ.
६. हाम्रो जीवनमा परमेश्वरलाई निरन्तर तबरले काम गर्न दिनुपर्छ.
७. एउटा साँचो परमेश्वरको दास त्यो हो, जसले आफ्नो जीवनको सबै कुराहरुमा परमेश्वरलाई प्रथम स्थान दिन्छ र उहाँको मात्र सेवा गर्छ.
८. एउटा परमेश्वरको दासले आफूलाई आफ्नो मालिक येशूको सेवामा र अरुहरुको सेवामा लगाउंछ.